अल्लाहले उसलाई उसले गरेका सत्कर्म अनुसार स्वर्गमा प्रवेश गराउनुहुनेछ ।

उबादा बिन सामित (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले गवाही दिन्छ, अल्लाह बाहेक कोही सत्य ईश्वर छैन, उहाँ एक्लो हुनुहुन्छ र उहाँको कोही साझेदार छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) उहाँका भक्त र रसूल हुनुहुन्छ र ईसा (अलैहिस्सलाम) उहाँका सेवक, दूत र उहाँको वचन (द्वारा सृष्टित) हुन् र उहाँ तर्फबाट पठाइएको एक रूह (आत्मा) हुन् जुन उहाँले मरियमतर्फ पठाउनुभयो र स्वर्ग तथा नरक सत्य हो। (जसले यो सबैको गवाही दिन्छ)
अल्लाहले उसलाई उसले गरेका सत्कर्म अनुसार स्वर्गमा प्रवेश गराउनुहुनेछ ।"
[सही] [मुत्तफकुन अलैहि]

यस हदीसमा रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नु भएको छ, जसले एकेश्वरवादको वचन (कलमा- तौहीद) को अर्थलाई बुझेर, बोलीले उच्चारण गरेर गवाही दिन्छ र यसको निहतार्थ र मागहरूलाई पूरा गर्दछ, र मुहम्मद (सल्लल्लाहु अलैहि व सल्लम) अल्लाहको सेवक र दूत हुनुहुन्छ भनेर गवाही दिन्छ र येशू (अलैहिस्सलाम) अल्लाहको सेवक र दूत हुन् भनेर स्वीकार गर्दछ, यसका साथै, अल्लाहले येशुलाई आफ्नो आदेश "कुन" (सिर्जित भइहाल) शब्दबाट सृष्टि गर्नुभयो र उनी अल्लाहले सृष्टि गर्नुभएको रूह (आत्मा) हरूमध्ये एक थिए भनी स्वीकार गर्दछ, त्यसैगरी, उसले उनकी आमा मर्यम (अलैहस्सलाम) लाई यहूदीहरूको आरोपबाट पवित्र र निर्दोष भएको भनेर घोषणा गर्दछ। र स्वर्ग र नर्क दुवैको सत्यता र अस्तित्वमा विश्वास गर्दछ र स्वर्ग र नर्क अल्लाहको आशीर्वाद र दण्डको स्थान हुन् भनी स्वीकार गर्दछ, र यही आस्था राख्ने अवस्थामा त्यस व्यक्तिको मृत्यु भयो भने, उसको वासस्थान स्वर्ग हुनेछ, यद्यपि ऊ उपासनामा कमी गर्ने वा पापी नै किन नहोस्।

http://www.sunnah.global/hadeeth/ne/show/3417